**Humanities and Social Sciences Journal**
2025; Volume 17, Numbers 1-2: 141-150
https://rrlc.tu.edu.np
doi: https://doi.org/10.3126/hssj.v17i1-2.97403
ISSN: 2594-3065 (Print); ISSN: 3021-9744 (Online)

Tribhuvan University,
Ratna Rajyalaxmi Campus,
Research & Educational
Development Project
Management Committee (RMC)

# *मलाई पनि निद्रा लागेन* कथा सङ्ग्रहमा अनुभूतिको संरचना

**हरिप्रसाद सिलवाल (विद्यावारिधि)**
उपप्राध्याक, नेपाली विभाग, रत्न राज्यलक्ष्मी क्याम्पस, त्रि.वि., नेपाल
ईमेल : hps2066@gmail.com

**To cite this article:** Silwal, H. P. (n.d.). मलाई पनि निद्रा लागेन कथा सङ्ग्रहमा अनुभूतिको संरचना. *Humanities and Social Sciences Journal*, *17*(1-2), 141-150. https://doi.org/10.3126/hssj.v17i1-2.97403

**Received:** May 9, 2026; **Accepted:** July 10, 2026; **Published:** July 16, 2026

## लेखसार

प्रस्तुत आलेखको शीर्षक 'मलाई पनि निद्रा लागेन कथा सङ्ग्रहमा अनुभूतिको संरचना' रहेको छ । मलाई पनि निद्रा लागेन कृतिका लेखक मातृका पोखरेल हुन् । उनले मूलतः कविता र कथा विधामा आफ्नो सृजनात्मक लेखनलाई अघि बढाएका छन् । यस आलेखमा स्रष्टा पोखरेलको उक्त कथा सङ्ग्रहलाई अनुभूतिको संरचनाका दृष्टिले अनुसन्धानमा केन्द्रित भई विश्लेषण गरिएको छ । प्रस्तुत आलेखलाई अनुसन्धानपरक गुणात्मक शोधविधिमा आधारित भई सम्पन्न गरिएको छ । अनुसन्धेय कथा कृतिलाई प्राथमिक र यस सम्बद्ध सैद्धान्तिक र विवेचनायुक्त सामग्रीहरूलाई द्वितीयक सामग्रीका रूपमा पुस्तकालय स्रोतबाट सङ्कलन गरिएको छ । यस आलेखमा एपिए पद्धतिको उपयोग गरिएको छ । यस आलेखमा रेमन्ड विलियम्सको अनुभूतिको संरचनासम्बन्धी सिद्धान्तलाई कृति विश्लेषणको सैद्धान्तिक आधार बनाइएको छ । अनुभूतिको संरचना साहित्यको समाजशास्त्रीय समालोचनाको एक उपागम हो । यसका आधारमा विवेच्य कृतिमा निहित व्यक्तिगत र सामूहिक अनुभूतिको संरचनामाथि विमर्श गर्नु यस आलेखको मूल विषयवस्तुका रूपमा रहेको छ । मातृका पोखरेलको मलाई पनि निद्रा लागेन कथा सङ्ग्रहमा के कस्ता अनुभूतिको संरचनाहरू अभिव्यञ्जित भएका छन् भन्ने प्राज्ञिक जिज्ञासा यस आलेखको समस्याकथन हो भने यस समस्याको निरूपण गर्नु उद्देश्यकथन हो । यही समस्याकथन र उद्देश्यका आधारमा शोध्य कृतिमा निहित अनुभूतिको संरचनामाथि गरिएको विमर्शबाट प्राप्त निचोडलाई प्राप्तिको रूपमा लिइएको छ । यस अन्तर्गत निम्नवर्गीय अनुभूतिको संरचना, दलित चेतनाको अनुभूतिको संरचना, वर्गीय विभेदको अनुभूतिको संरचना, विसङ्गत राजनीतिक अनुभूतिको संरचना, प्रतिरोधको अनुभूति जस्ता अनुभूतिको संरचनाहरू उक्त कृतिमा अभिव्यक्त रहेको आलेखको विश्लेषणबाट प्राप्त भएको छ । यस आलेखमा सार, शब्दकुञ्जी, परिचय, विधि, विश्लेषण, निष्कर्ष र सन्दर्भ सामग्री जस्ता उपशीर्षकहरू रहेका छन् । यिनै उपशीर्षकहरूमा रही गरिएको विमर्शका माध्यमबाट मलाई पनि निद्रा लागेन कथा सङ्ग्रहमार्फत कथाकार मातृका पोखरेलले व्यक्ति र समाजका परिपूरक अनुभूतिको संरचनालाई अभिव्यक्त गरेको आलेखको प्राप्तिलाई निचोडका रूपमा पाइएको छ ।

*शब्दकुञ्जी :* उत्पीडित मनोदशा, दबाब र तनावको अनुभूति, दलित चेतना, साहित्यको समाजशास्त्र, सांस्कृतिक प्रभुत्व

© Author(s). This paper is distributed under the terms of the Creative Commons CC BY-NC 4.0 DEED (https://creativecommons.org/licenses/by-nc/4.0/), which permits copying and redistributing the material in any medium or format for non-commercial uses with proper attribution to the creator.

## विषयपरिचय

मातृका पोखरेल (जन्म वि.सं. २०२३, उदयपुर) मूलतः कवि र कथाकार व्यक्तित्व हुन् । साहित्यकार पोखरेलको पहिलो प्रकाशित कथा 'हरियो बत्ती' (२०५१) हो । कथाकार पोखरेलका प्रकाशित कथा कृतिहरूमा *सन्त्रस्त आँखाहरू* (२०६१), *घाम झुल्किनुअघि* (२०६७) र मलाई पनि निद्रा लागेन (२०८२) रहेका छन् । यस आलेखमा *मलाई पनि निद्रा लागेन* कथासङ्ग्रहमा निहित अनुभूतिको संरचनामा केन्द्रित छ । उनका कथा रचनामा शिल्पगत दृष्टिले सरल भाषाको प्रयोग, कथानक गठनका दृष्टिले रैखिक र आयामका दृष्टिले मध्यम प्रकारका छन् भने विचारका दृष्टिले मार्क्सवादी चेतना प्रधान साथै आलोचनात्मक यथार्थवादी, प्रगतिवादी, प्रगतिशील चिन्तनमा केन्द्रित छन् । उनले कथामा सामाजिक, राजनीतिक र सांस्कृतिक क्षेत्रसँग सम्बन्धित विषयवस्तुलाई प्राथमिकता दिएका छन् । कथाकार पोखरेलको *मलाई पनि निद्रा लागेन* कथा कृतिमा मूलतः राजनीतिक विषङ्गतिमा केन्द्रित भई त्यसका विकृति, निराशा र अन्योलमाथि व्यङ्ग्यात्मक प्रहार गरिएको छ । समाजका विविध विकारका विरुद्ध व्यङ्ग्य गरी समाज परिवर्तनको आशावादी चिन्तन अभिव्यक्त गर्नु उनको कथाकारिताको सोद्देश्य रहेको छ । कथाकार मातृका पोखरेलका कथाबारे केही समीक्षा एवम् समालोचनात्मक कार्यहरू भएका छन् । पौडेलका मतमा स्रष्टा पोखरेलले यथार्थ धरातलमा रहेर समाज परिवर्तनको स्वरलाई मुखरित पार्नुका साथै राजनीतिक, सामाजिक यथार्थको अङ्कन गर्ने प्रवृत्तिलाई प्रस्तुत गरेका छन् (२०६५, पृ. ११७) । युगीन यथार्थतामा वैचारिक अभिव्यक्ति दिनु पोखरेलको मुख्य लेखकीय केन्द्र हो । श्रेष्ठले मातृका पोखरेलको कथाकारितामाथि विश्लेषण गर्दै उनले समाजमा विद्यमान आर्थिक विषमताको चिरफार गरेको र आफूभित्र रहेको राजनीतिक चेतनालाई आख्यानीकरण गरेको उल्लेख गरेका छन् (२०७०, पृ.३८३) । राजनीतिक, आर्थिक, सामाजिक र सांस्कृतिक परिवेशलाई आख्यान विधामा रूपान्तरण गर्नु कथाकार पोखेरलको मूल प्रवृत्ति देखिन्छ । अधिकारीले मातृका पोखरेलका कथामा जातीय, लिङ्गीय र वर्गीय उत्पीडनको आलोचनात्मक चित्रण र आमूल परिवर्तनको स्वरलाई प्रकट गरिएको जनाएका छन् (२०७८, पृ. १३२) । यी विभिन्न समालोचनाका सङ्क्षिप्त प्रस्तुतिका आधारमा उनका कथाकारिताको अध्ययन भएको देखिन्छ । यद्यपि पोखरेलका कथामा निहित अनुभूतिको संरचना अर्थात् साहित्यको समाजशास्त्रीय दृष्टिकोणबाट भने समालोचकीय अनुसन्धान भएको पाइन्न । यस कोणबाट हेर्दा उनको मलाई पनि निद्रा लागेन कृतिमा अनुभूतिको संरचनाका कोणबाट अनुसन्धान नभएकाले यसलाई अनुसन्धेय अन्तरालको रूपमा लिई यसको परिपूरण गर्ने उद्देश्य यस आलेखमा राखिएको छ । अतः यस आलेखमा *मलाई पनि निद्रा लागेन* कृतिमा के कस्ता अनुभूतिको संरचना रहेका छन् भन्ने अनुसन्धान प्रश्नहरू रहेका छन् । यसलाई नै समस्याकथनको रूपमा प्रस्तुत गरिएको छ । साथै यही समस्याको निर्क्योल गर्न अनुभूतिको संरचनाको सैद्धान्तिक आधारलाई अनुसन्धानात्मक अध्ययनको सापेक्ष मान्यताका रूपमा लिइएको छ । यसर्थ विवेच्य कृतिमा निहित अनुभूतिको संरचनामाथि विश्लेषण गरी निष्कर्षमा पुग्नु नै यस आलेखको उद्देश्यकथन रहेको छ ।

## अध्ययनविधि

प्रस्तुत आलेख गुणात्मक शोध विधिमा आधारित छ । सैद्धान्तिक मानकका आधारमा साहित्यिक कृतिको विश्लेषण गरी निष्कर्ष प्रस्तुत गरिएकाले यसलाई निगमनात्मक अनुसन्धान विधिमा आधारित भई सम्पन्न गरिएको छ । अनुसन्धेय कृति *मलाई पनि निद्रा लागेन* कथा

सङ्ग्रहभित्र अभिव्यञ्जित अनुभूतिको संरचनाको विश्लेषण गर्न साहित्यको समाजशास्त्रीय सैद्धान्तिक उपागमका रूपमा रहेको अनुभूतिको संरचनासम्बन्धी मान्यतालाई आधार बनाइएको छ । यस आलेखमा शोध्य कृति *मलाई पनि निद्रा लागेन* प्राथमिक र यससँग सम्बन्धित सैद्धान्तिक एवम् प्रायोगिक कृतिहरूलाई द्वितीयक सामग्रीको रूपमा उपयोग गरिएको छ । यी दुवै प्रकारका सामग्रीहरूको सङ्कलन पुस्तकालय स्रोतबाट गरिएको छ । सङ्कलित सामग्रीको विश्लेषण गर्ने ढाँचाका रूपमा अनुसन्धेय कृतिमा रहेका अनुभूतिको संरचनालाई विश्लेषण गर्न अन्तरविषयक समालोचना पद्धतिको उपयोग गरिएको छ । यस आलेखमा एपिए शैलीको उपयोग गरिएको छ ।

## सैद्धान्तिक आधार

प्रस्तुत आलेखमा समाहित्यको समाजशास्त्र अन्तर्गत रहेको अनुभूतिको संरचनासम्बन्धी सैद्धान्तिक मान्यताको प्रयोग गरिएको छ । साहित्यको समाजशास्त्र समाज र साहित्य बिचको सम्बन्धलाई केलाउने र त्यसका आधारमा समालोचना गर्ने सिद्धान्त हो । यस अन्तर्गत अनुभूतिको संरचना पनि एक महत्त्वपूर्ण सैद्धान्तिक पर्याधारका रूपमा रहेको छ । अनुभूतिको संरचनाको सैद्धान्तिक प्रवर्तन र प्रयोग गर्ने विद्वान् बेलायतका रेमन्ड विलियम्स हुन् । उनले समाजमा जनसमुदाय, व्यक्ति, समूह र तिनका पिँढीहरूमा अनुभूतिको संरचना पृथक् रहने सैद्धान्तिक मूल्य र मान्यतालाई अघि सारेका छन् । उनले अनुभूतिको संरचनामा सांस्कृतिक समाजशास्त्र, ऐतिहासिक समाज र व्यक्तिका विभिन्न पिँढीहरूको अध्ययन गर्ने सन्दर्भमा यस सिद्धान्तलाई प्रयोग गरेका हुन् । अनुभूतिको संरचनामा मानवीय समाज र संस्कृतिमा रहने द्वन्द्वात्मक पक्षको सार्थक भूमिका रहन्छ । त्यसमा सामाजिक चेतनाले गहिरो प्रभाव पारेको हुन्छ (विलियम्स, सन् २०१०, पृ. १३०) । उनका अनुसार संस्कृतिको उपस्थिति सनमाजिक चेतनाको कारक पक्ष बन्दछ । मानिसका अनुभूतिहरू संस्कृतिका आयामहरूसित सम्बद्ध रहेका हुन्छन् । यसबाट नै मानिसमा दबाब र तनाव, रुचि र अरुचि, आकर्षक र विकर्षक जस्ता विपरीत अवस्थाका अनुभूतिको निर्माण हुन्छ । मानिसका आवेग, कठोरता र सम्बन्धका चेतनाको सवालमा विचार र अनुभूतिको साहचर्यलाई विचारलाई अनुभूत गरिएको रूपमा लिने गरिन्छ (विलियम्स, सन् २०१०, पृ.१३२) । बेलायतको बेल्सका मजदुरहरूको जीवनलाई नजिकबाट हेर्ने र तिनको अनुभूतिको निर्माण के कसरी भयो भन्ने अध्ययनका क्रममा नै उनले अनुभूतिको संरचनासम्बन्धी सैद्धान्तिक पृष्ठभूमि निर्माण गरेका हुन् । विलियम्सले आफू स्वयं मजदुर हुँदाको उत्पीडनलाई महसुस गरेर त्यसको अनुभूतिमा आधारित भई यस सिद्धान्तलाई अघि सारेका हुन् (पाण्डेय, सन् १९८९, पृ. १६२) । यसबाट नै हामीले सामाजिक अनुभूतिको बारेमा बोध गर्ने र तिनको परिभाषा लगाउने गर्छौं भन्ने उनको दृष्टिकोण रहेको छ । विलियम्सले अनुभूतिको संरचनालाई पिँढीहरूका अनुभूतिमा आउने पृथक्ता र एकै पिँढीमा पनि फरक समाज, फरक संस्कृति र परिवेशले पार्ने पृथक्ताका सन्दर्भमा परिभाषा गरेका छन् । एउटा समाज, संस्कृति र समुदायमा एउटा अनुभूतिको स्वरूप देखिन्छ भने अर्को संरचनामा त्यसको भिन्नता आउँछ । एउटा पुस्तामा एक प्रकारको अनुभूतिको संरचना निर्माण भएको हुन्छ भने त्यसले नयाँ पुस्तालाई दिएको दबाबका कारण अर्को पुस्तामा पृथक् अनुभूति आएको हुन्छ । व्यक्तिको अनुभूतिमा सामाजिक संस्थाको सांस्कृतिक दबाबमूलक अनुभूतिको संरचना प्रतिविम्बित भएको हुन्छ (विलियम्स, सन् १९६१, पृ. ४९) । विलियम्सले अनुभूतिको संरचनालाई सामाजिक अनुभूतिसित सापेक्ष गराएर मात्रै अध्ययन गर्न सकिने दृष्टिकोण बनाएका छन् । सांस्कृतिक इतिहासले अनुभूतिको पुस्तान्तरणमा रहने

अवस्थालाई बोध गराउने उनको मत रहेको छ । सांस्कृतिक इतिहास सामान्य इतिहासभन्दा अधिक गम्भीर र समाविष्ट हुने कुरा विलियम्सले व्यक्त गरेका छन् (इल्ड्रिज, सन् १९९४, पृ.७८) । यसले समाजको निरन्तरतामा अनुभूतिको भिन्नतालाई अध्ययन गर्न र व्यक्तिका साथै संस्थाका बिचमा रहने दबाबको अनुभूति बोध गर्न सहज हुन्छ । विलियम्सको अनुभूतिको संरचनामाथि समीक्षा गर्दै पाण्डेयले यसरी उल्लेख गरेका छन् :

> अनुभूतिको संरचनाका माध्यमबाट त्यो कुनै कालखण्डविशेषको समाजका समुदायहरूका बीचको अन्तर्सम्बन्ध, त्यस क्रममा सिर्जना हुने दबाब र तनाव अनि त्यसले जन्माउने विशिष्ट अनुभूतिसँगै त्यस दबाब र तनावको समाधान स्वरूप देखापर्ने प्रयासले जन्माउने अर्को अनुभूति आदिका समग्रताको अध्ययन गर्न सकिन्छ (२०७३, पृ. ३५) ।

विलियम्सले व्यक्त गरेका दबाब र तनावसम्बन्धी अनुभूति सामाजिक संरचनाको पृष्ठभूमिबाट निर्माण भएको बोध हुन्छ । यसले अनुभूतिको सम्बन्ध व्यक्तिमा देखिए तापनि अन्तमा यो समाजको व्यवस्थासित सम्बन्धित रहेको छ । विलियम्सले समाज र संस्कृतिको व्याख्यामा विभिन्न पुस्ताको मनोरचनालाई अनुभूतिको सार्थक निर्माणसित जोडेका छन् । यसले साहित्यको समीक्षा एवम् समालोचनामा यथार्थ धारणा बनाउन र मनोवैज्ञानिक कोणबाट सामाजिक, सांस्कृतिक र ऐतिहासिक पक्षको अनुसन्धानात्मक विश्लेषण गर्न समेत उचित भूमिका निर्वाह गर्दछ । समाज, संस्कृति र यिनका विभिन्न पक्षहरूको सम्बन्ध केलाउने लेखकले सामाजिक परिवर्तनलाई देखाउने सामर्थ्य राख्छ । यस्ता लेखनमा संस्कृतिसम्बन्धी चिन्तनको मार्गदर्शन हुन्छ भन्ने विलियम्सको विचार रहेको छ (पाण्डेय, सन् २०१६, पृ. १८०) । यसबाट लेखक र सामाजिक, सांस्कृतिक सम्बन्धको व्याख्यामा उनले अनुभूतिको संरचनालाई सापेक्ष बनाएर केलाउने काम गरेको स्पष्ट हुन्छ । विलियम्सले युग विशेषको साहित्यको विवेचनाका लागि तत्कालीन लोकप्रिय अनुभूतिको संरचनाको ज्ञान हुनु पर्नेमा जोड दिएका छन् (पाण्डेय, सन् २०१६, पृ. १९९) । युग अनुसार अनुभूतिको संरचना फरक हुन्छ र लेखक युग सापेक्ष अनुभूतिको संरचनाको दबाब र तनावमा रहन्छ भन्ने मान्यता यसबाट बोध भएको छ । रेमन्ड विलियम्स वर्ग र समुदायको वर्ग विशेष धारणालाई केन्द्रीय महत्त्व दिने कुरामा जोड गर्छन् । उनी लेखकलाई सामाजिक, सांस्कृतिक परिप्रेक्ष्यमा अनुभूतिको संरचना बोध गर्ने र साहित्यमा व्यक्त गर्ने जिम्मेवारी दिन रुचाउँछन् । यसर्थ अनुभूतिको संरचना साहित्यको विश्लेषण गर्ने समाजशास्त्रीय चिन्तनको एक उपागम रहेको स्पष्ट हुन्छ । यसले साहित्यभित्र निहित संस्कृति, समाज, राजनीतिक, दार्शनिक, भाषिक, ऐतिहासिक अनुभूतिको संरचनाको निरूपण गर्ने सामर्थ्य राख्दछ ।

अनुभूतिको संरचनासम्बन्धी सैद्धान्तिक मूल्य र मान्यताका आधारमा अनुसन्धेय कृतिको विश्लेषण गर्दा कृतिमा निहित विभिन्न प्रकारका अनुभूतिमा केन्द्रित रहनु स्वाभाविक र आवश्यक हुन्छ । यस आलेखमा साहित्यकार मातृका पोखरेलकृत विवेच्य कृतिमा चित्रित भएका अनुभूतिको संरचनालाई केलाउँदा सामाजिक, सांस्कृतिक अनुभूतिका रूपमा उपस्थित निम्नवर्गीय अनुभूति, दलित चेतनाको अनुभूति, राजनीतिक अनुभूति, विभेदपूर्ण वर्गीय अनुभूतिलाई समावेश गरिएको छ । यसलाई कृति विश्लेषणको सैद्धान्तिक ढाँचाको रूपमा उपयोग गरी अनुसन्धेय कृतिमा निहित अनुभूतिको संरचनाको विश्लेषण गरिएको छ । यस आलेखका निम्ति निर्माण गरिएको सैद्धान्तिक विश्लेषण ढाँचाका रूपमा दलित चेतनाको अनुभूति, राजनीतिक अनुभूति, विभेदपूर्ण वर्गीय

अनुभूतिको अवधारणा रहेका छन् । दलित चेतना खास गरी नेपाली समाजको सामाजिक, सांस्कृतिक अनुभूतिको संरचना हो । यसैसित जातीय, वर्गीय र राजनीतिक विभेदपूर्ण अनुभूतिको अवधारणा पनि जोडिएको छ । यसलाई सामाजिक विभेदको अवधारणासित जोडेर अध्ययन गर्नु उचित हुन्छ । नेपाली समाजमा जातीय विभेदले जात, वर्ग र तहगत अनुभूति निर्माण गरेको छ । यसले भिन्न जात, वर्ग र तहको दबाब र तनावको अनुभूतिको संरचना बनाएको छ । यसको मूल कार्यकारण रूप राजनीति नै हो । राजनीति समाजको मूल नीति भएकाले सामाजिक, सांस्कृतिक विभेदको समस्या र समाधानको कारक पनि यही नै हुने गर्छ । अतः दमित वर्गको अनुभूतिमा रहन विवश र त्यसबाट प्रतिरोध गर्ने चेतनामा उठेका दलित वर्गको अनुभूतिलाई यहाँ विभेद, राजनीति र निम्न वर्गको अनुभूतिको स्वरूपसित पनि जोडेर विश्लेषण गरिएको छ । दलित, निम्न वर्ग, विभेद र राजनीति एउटै समाज, संस्कृति र परम्पराले हुर्काएका एक अर्कामा परिपूरक कारक पृष्ठभूमिका अनुभूतिको संरचना हुन् । अनुभूतिको संरचनासम्न्धी सिद्धान्तसित यही अवधारणालाई जोडेर अनुसन्धेय कृतिको विश्लेषण गरिएको छ ।

## विषयगत विश्लेषण

कथाकार मातृका पोखरेलको *मलाई पनि निद्रा लागेन* कथा सङ्ग्रहमा पन्ध्र ओटा कथाहरू रहेका छन् । यी कथाहरूमा कथाकार पोखरेलले यथार्थ धरातलमा आधारित विषयवस्तु र आलोचनात्मक चेतना सहितको वैचारिक अभिव्यक्ति प्रस्तुत गरेका छन् । उनले यस सङ्ग्रहका कथाहरूलाई समाज, संस्कृति, राजनीति, विचार र आञ्चलिक कोणबाट बोध गरिएका अनुभूतिको संरचना केन्द्रित बनाएका छन् । यसमध्ये प्रस्तुत आलेखमा दलित चेतना, निम्न वर्गीय चेतना र राजनीतिक चेतनामा केन्द्रित अनुभूतिको संरचनालाई विषयगत विमर्श एवम् विश्लेषणको रुपमा लिइएको छ । अतः यिनै विषय, विचार र अभिव्यक्तिका आधारमा उनका कथामा व्यक्त अनुभूतिको संरचनामाथि प्राज्ञिक विमर्श गरिएको छ । यस विमर्शका निम्ति आवश्यक उपशीर्षकहरूमा विश्लेषण गरेर त्यसको निचोडलाई निष्कर्षमा प्रस्तुत गरिएको छ ।

### दलित चेतनाको अनुभूतिको संरचना

अनुभूतिको संरचना सामाजिक व्यवस्थासित गाँसिएको हुन्छ । समाज मनोदशाको अभिव्यक्तिका रूपमा लेखकहरूले त्यसलाई अभिव्यक्त गरेका हुन्छन् । समाजमा विभिन्न व्यवस्था र मनोविज्ञानहरू हुने भए तापनि लेखकको विश्वदृष्टिसित सापेक्ष अनुभूतिलाई रचनामा व्यक्त गरिएको हुन्छ । यस अनुसार कथाकार मातृका पोखरेलको *मलाई पनि निद्रा लागेन*मा नेपाली समाजमा लामो समयदेखि जरा गाडेर बसेको दलित समस्यालाई दलित चेतनाका आधारमा व्यक्त गरिएको छ । दलित चेतनाको अनुभूति सामाजिक रूपमा जातीय विभेदले निम्त्याएको अमानवीय व्यवहारबाट जन्मेको समस्या हो । यसको अर्को पक्ष राजनीतिक र आर्थिक वर्ग विभेद पनि हो । यस समस्यालाई पर्दाफास गरी दलित वर्गलाई समग्र मानव अस्तित्वसित समान बनाउने उद्देश्य राखी दलित चेतनाको प्रकटीकरण भएको हुन्छ । यही मान्यता अनुसार कथाकार पोखरेलले यस कृतिमा सामाजिक समस्याका रूपमा रहेको दलित वर्गमाथिको विभेदका घटनालाई प्रतीकात्मक र प्रतिनिधित्वका रूपमा प्रस्तुत गरेका छन् । दलित वर्गका मानिसले जात ढाँटेर जीवन बिताउनु परेको घटनालाई व्यङ्ग्यात्मक रूपमा कथाकारले यसरी प्रस्तुत गरेका छन्- "पहिले पहिले उसलाई तँ भनेरै सम्बोधन गर्थें । गाउँको दलित केटो त्यसमाथि मेरो कान्छो भाइको उमेरको । तर, उसको

रवाफ देखेर आज तँ भन्ने आँट गर्नै सकिनँ । तिमी भनेर सम्बोधन गरेँ ( 'महानगरभित्र', पृ.११) ।" ठाँटको जीवन बाँच्नका लागि जात नै ढाँट्नुपर्ने जीवनको चित्रण गरिएको छ । यदि दलित जातको हो भन्ने थाहा हुने भए त्यस्तो ठाँटयुक्त जीवन जिउन सम्भव देखिन्न । हाम्रो परम्परित समाजशास्त्रले गर्ने गरेको सामाजिक विभेदलाई जातीय विभेदको विसङ्गतिका रुपमा यस कथामा चोटिलो र वस्तुगत धरातलीय आधारमा देखाइएको छ । यस सन्दर्भमा कथाकारले अर्को स्थानमा त्यस घटनालाई यसरी अघि सारेका छन्- "मैले मेरो घरमा मेरो पारिवारिक अवस्थाका बारेमा धेरै कुरा ढाँटेको छु । मैले मेरो ससुरालीतिर सबैलाई म ठकुरी जातको मानिस हुँ भनेर परिचय गराएको छु । मेरी श्रीमतीदेखि सबै जना मेरो कुरामा ढुक्क छन् ('महानगरभित्र', पृ.१४) ।" समाजले चरम विभेद गर्ने डरले जात लुकाउनु परेको अवस्थालाई यस कथामा चित्रण गरिएको छ । दलित वर्गको उत्पीडन आर्थिक रूपमा मात्रै सीमित नरहेको र सांस्कृतिक, सामाजिक रूपमा पुगेको यस कथनले स्पष्ट पारेको छ । आर्थिक रूपमा सम्पन्न भएर पनि ठाँटले जीवन बाँच्न सक्ने अवस्थामा दलित वर्गका मानिसहरू नरहेको कथनलाई यहाँ उल्लेख गरिएको छ । त्यसले तिनलाई भित्रैदेखि मनोउत्पीडन समेत दिएको स्पष्ट हुन्छ । दलित भएकै कारण जात लुकाउनु पर्ने बाध्यता समाजको अमानवीय सोच र व्यवहार भएको कथाकारको ठम्याइ रहेको छ । यसले दलित वर्गमा निहित हीनता भाव तथा हीन मनोविज्ञानलाई समेत चित्रण गरेको छ ।

दलित वर्गका मानिसहरूलाई परेको एउटा ज्वलन्त समस्या विवाह प्रथा पनि रहेको छ । बिहेका निम्ति सबैभन्दा पहिला जात छुट्याउने, जातको सोधीखोजी गर्ने र युवा युवती बिचमा मानवीय आधारमा सबै मानिस एउटै हो भनेर बिहे गरेमा त्यसलाई पारिवारिक सामाजिक दुर्घटनाको रूपमा लिने गरेको उत्पीडनको अनुभूतिलाई यस कथामा प्रकट गरिएको छ । विवाह भएका जोडीलाई घर निकाला गर्ने, समाजबाट बाहिर राख्ने र अछुत बनाउने जस्ता अमानवीय कार्यहरू भइरहेको अवस्थालाई यस कथामा चित्रण गरिएको छ । यस सम्बन्धमा कथाकारले दलित चेतनाको अनुभूतिलाई यसरी प्रकट गरेका छन्- "दलितसँग विवाह भएकाले केही आफन्तहरू हामीसँग टाढै रहन चाहन्थे (बाढीको आवाज, पृ.४८) ।" आफन्तहरू टाढा रहनुको कारण ती आफन्तहरूमा रहेको जातीय विभेदको विचार र मनोविज्ञान नै हो । त्यो मनोविज्ञान अमानवीय, विभेदकारी र खण्डनीय भएको कथाकारको अनुभूति यस कथामा व्यक्त भएको छ । यसलाई कथाकारले दलित वर्गका मानिसको अनुभूतिको प्रतीक र प्रतिनिधिका रूपमा व्यक्त गरेका छन् । दलित चेतनाको विषयलाई लिएर राजनीतिक सङ्गठनमा पनि असमान धारणाहरू रहेको यस कथामा व्यक्त भएको छ । नेपाली समाजको एउटा मार्मिक र गम्भीर समस्या बनेर रहेको दलित विवाहलाई कथाकार पोखरेलले आलोचनात्मक दृष्टिले बाहिर ल्याएका छन् । दलित चेतनाको अनुभूति ग्रहण गर्ने सिलसिलामा सङ्गठन तथा मोर्चाहरूमा पनि बहस हुने गरेको र त्यहाँ पनि यस सम्बन्धमा एक मत नरहेको सङ्केत यस कथामा गरिएको छ । दलित र गैरदलित बिचको विवाहलाई निषेध गर्नु भनेको समाजलाई दलित र गैरदलित अथवा छुत र अछुत वर्गका मानिसको समाज नै बनाइराख्ने विचार हो । यसको आलोचनात्मक दृष्टिले व्याख्या गर्दै कथाकारले दलित बिहेको परम्परालाई प्रोत्साहन गर्नु भनेको मानवतावादी समाज निर्माणको यात्रा रहेको विचारलाई प्रस्तुत गरेका छन् । यस सन्दर्भमा 'बाढीको आवाज' शीर्षकको कथांशको उद्धरण यस्तो रहेको छ- "त्यसो होइन । तिमीहरूको चेतना नै त्यस्तो हो । दलित विवाहलाई त झन् प्रोत्साहन गर्नुपर्छ । तिमीहरू यो क्रान्तिकारी पार्टीलाई भ्रष्ट बनाउने तत्त्वहरू हौ (५१) ।" यस कथामा दलित

विवाहलाई इन्कार गर्ने पार्टीका व्यक्तिहरूप्रति आलोचना गर्दै तिनलाई भ्रष्टको संज्ञा दिइएको छ । यसले दलित चेतनाको अनुभूति सम र विषम रूपले उठ्ने गरेको कथाकारले स्पष्ट पारेका छन् । दलित चेतनाको अनुभूतिको संरचनालाई सकारात्मक र नकारात्मक दुवै कोणबाट व्याख्या गरिएको विवेच्य कथामा सामाजिक विभेदकारी रूपमा रहेको जात व्यवस्थाको आलोचनात्मक दृष्टिले प्रस्तुत गरिएको छ । जात व्यवस्था नेपाली समाजको अमानवीय चिन्तन र व्यवहार रहेकाले यसको निराकरण नै सामाजिक न्यायको यात्रा भएको कथाकारको दलित चेतनाको अनुभूतिगत अभिव्यक्ति रहेको छ । नेपाली समाजमा विभिन्न स्थान र समयमा दलित वर्गमा पारिएका मानिसहरूमाथि थप उत्पीडनहरू भएका घटनाहरू व्याप्त छन् । देशको मूल कानुनले छुवाछुत, जातीय विभेदको अन्त्य गर्ने घोषणा गरे तापनि व्यवहारमा त्यो लागु हुन नसकेकाले समस्याहरू जटिल बनेका छन् । यही सन्दर्भमा कथाकार पोखरेलले दलित अनुभूतिको तितो यथार्थलाई यसरी प्रस्तुत गरेका छन्-

> केही समयसम्म ब्राह्मण केटालाई पनि समाजले बहिष्कार गऱ्यो । त्यसको केही समयपछि ब्राह्मण परिवारको एउटा सामूहिक भोजको आयोजना गरेर त्यो केटालाई चोख्याउने काम गरियो । दलित महिलालाई ब्राह्मणसँग सम्बन्ध राखेको आरोप लगाएर जेल पठाइएछ । जेल ल्याउँदा त्यो महिला गर्भवती रहिछन् । जेलमै छोरी जन्माई उसले ('इतिहासको चिहानमाथि उभिएर', पृ.७८) ।

कथाकारले विवेच्य कथामा दलित चेतना र त्यसको अनुभूतिलाई सरल र प्रतीकात्मक शैलीमा प्रस्तुत गरेका छन् । दलित वर्गमा पुरुष र नारीमध्ये नारीको अनुभूति अझै गहिरो र गम्भीर रहेको उक्त कथांशमा सङ्केत गरिएको छ । समाजले पुरुष वर्गलाई चोखो बनाउने तर नारीलाई त्यसको दोष थोपरी सजाय दिने गरेकाले दलित उत्पीडनको अनुभूति नारी वर्गमा बढी रहेको आलोचनात्मक दृष्टिले व्यक्त गरिएको छ ।

## निम्नवर्गीय चेतनाको अनुभूतिको संरचना

अनुभूतिका विभिन्न तहहरूमा वर्ग अनुभूति पनि एक उल्लेखनीय पक्ष रहेको छ । वर्गीय अनुभूतिको संरचना प्रगतिवादी स्रष्टाको विश्वदृष्टिकोण र अन्तर्वस्तुको अभिव्यक्ति हो । यस कथामा प्रगतिवादी साहित्यकार एवम् कथाकार मातृका पोखरेलले निम्नवर्गीय अनुभूतिको संरचनालाई आलोचनात्मक दृष्टिले प्रस्तुत गरेका छन् । उनको मार्क्सवादी चेतनाको लेखन प्रवृत्ति पनि यहाँ उपस्थित भएको छ । उनले नेपाली समाजको एउटा कटु र रिक्त अनुभूतिको संरचनाका रूपमा रहेको निम्न वर्गीय समस्या र त्यसले उब्जाएको चेतनालाई अभिव्यक्त गरेका छन् । संसारका कुनै पनि समाज वर्गीय रूपमा विभाजित छ । विभाजित वर्ग समाजको अनुभूतिको संरचना पनि विभाजित नै छ । यसमा सम्पन्न वर्गको अनुभूति र विपन्न वर्गको अनुभूतिमा पृथक्ता रहेको छ । विपन्नताले समाजलाई वर्ग पीडा, विभेद र द्वन्द्वात्मक अवस्थामा पुऱ्याएको छ । यही वर्गगत अनुभूतिको संरचनालाई कथाकारले पोखरेलले निम्नवर्गीय कोणबाट अभिव्यक्त गरेका छन् । उनले नेपाली समाजको वर्ग उत्पीडनको एक कारक पक्ष जमिन रहेको जनाएका छन् । जमिनदार र जमिनहीनका बिचमा रहेको अनुभूतिको स्वरूपलाई कथाकारले प्रकाश पारेका छन् । जमिनविहीन हुने वर्ग सुकुम्वासी भएका छन् । तिनै सुकुम्वासीको अनुभूतिलाई यहाँ निम्नवर्गीय अनुभूतिको संरचनाका रूपमा प्रस्तुत गरिएको छ । यसबारे कथांशलाई उद्धरण गर्दा यसरी राख्न सकिन्छ-

> कार्यक्षेत्रमा खटिनेबित्तिकै मैले थाहा पाएँ- यो जिल्लामा सामन्त जमिनदारहरूको ठूलै वर्चस्व रहेछ । भूमिहीन सुकुम्वासीहरूको सङ्ख्या निकै ठूलो थियो र उनीहरूको जीवन निकै कष्टकर थियो । स्थानीय जमिनदारहरूको मात्र नभएर काठमाडौँमा बस्ने राणा, शाह र उनीहरूका नातेदारहरूले कब्जा गरेर राखेका जमिनहरू पनि प्रशस्तै थिए । पहाडी इलाकामा भन्दा जमिनदारी प्रथाको भयावह रूप देखेको थिएँ मैले त्यहाँ । भूमिहीन सुकुम्वासीहरूले नारकीय जीवन बिताइरहेका थिए । जमिनदारहरू उनीहरूलाई मान्छेको कोटीभित्र राखेर व्यवहार गर्दैनथे । सामन्त, जमिनदारहरूको आँखामा उनीहरू पशुलोकभित्रकै प्राणीहरू थिए ('मुक्तिनगर', पृ.२७) ।

उक्त कथांशले जमिनदार र जमिनविहीनका बिचको अनुभूतिलाई सङ्केत गरेको छ । जमिन हुनेहरूले समाजमा कुनै आर्थिक समस्याको अनुभूति नगरेको तर सुकुम्वासीहरू सधैँ आर्थिक तनाव र दबाबको अनुभूतिमा अल्भिनु परेको अवस्थालाई यसमा चित्रण गरिएको छ । केही हुनेखाने वर्गले धेरै जमिन ओगटेर राखेकाले सुकुम्वासी वर्गको उदय भएको र त्यसको कारण आर्थिक विभेद रहेको यस कथाले स्पष्ट पारेको छ । समाजका सामन्त वर्गले गरिब, निमुखा, सुकुम्वासीलाई पशुतुल्य ठानेको आमानवीय अनुभूतिलाई निम्नवर्गीय चेतनाको रूपमा साथै आलोचनात्मक दृष्टिले प्रस्तुत गरिएको छ । कथामा गरिबीको उल्भनलाई यसरी व्यक्त गरिएको छ- "गरिबीको बोभले कहिल्यै उठ्न सकिएन । कसरी भोक मार्ने मात्र ध्याउन्न हुन्थ्यो । विवाह त धेरै टाढाको कुरा भयो मेरा लागि ('अँधेरी रातको एउटा कथा', पृ.६३) । गरिबहरूका लागि पहिलो आवश्यकता भोकको निवारण नै मूल समस्याको रूपमा रहेकाले विवाहको सन्दर्भ टाढाको विषय भएको जनाइएको छ । यसबारे कथाकार यसरी निम्नवर्गीय अनुभूतिको स्वरूपलाई व्यक्त गर्दछन्- "एफएमहरूले बागमतीको सुकुम्वासी बस्तीलाई सरकारले डोजर लगाएर भत्काइरहेको छ भनेर समाचार बजाइरहेका थिए ( 'मलाई पनि निद्रा लागेन', पृ.६५) ।" सरकार देशका आम मानिसको अभिभावक हुनुपर्नेमा प्राय सत्ताको आडमा निम्न वर्गमाथि शोषण गर्ने र हुनेखाने वर्गको हितमा लाग्ने गरेको अनुभूतिको संरचनालाई यस कथनमा प्रकट गरिएको छ ।

गरिबीको रेखामा रहेका सर्वहारा, सुकुम्वासी, निमुखा, निरीह निम्न वर्गका उत्पीडित अनुभूतिलाई यस कृतिमा चित्रण गरिएको छ । निम्न वर्ग आफैँ आफ्नो अधिकार माग्ने क्षमता कायम गर्दैनन् । हुनेखाने वर्गले तिनको अनुभूतिलाई मानवीय उत्पीडन, दबाब र तनावको अनुभूतिको रूपमा ग्रहण गर्दैनन् । यस कारण निम्न वर्गको अनुभूति दबिने गरेको कथाकारको तर्कलाई विवेच्य कथा कृतिमा व्यक्त गरिएको छ ।

## राजनीतिक अनुभूतिको संरचना

कथाकार पोखरेलले राजनीतिक अनुभूतिको संरचनालाई विवेच्य कथा कृतिमा अभिव्यक्त गरेका छन् । उनले नेपाली समाजमा राजनीतिक इमानदारी र जनमुखी व्यवहार हुन नसकेको विसङ्गत राजनीतिक अनुभूतिको संरचनालाई प्रस्तुत गरेका छन् । राजनीति राज्यको नीति हो । यसमा संलग्न हुने व्यक्ति तथा सम्बद्ध सङ्गठनले दायित्व बोध गर्न नसक्दा राजनीतिक विसङ्गतिको अनुभूति प्रकट भएको अवस्थालाई कथाकारले व्यक्त गरेका छन् । राजनीति गर्नेहरू आफैँ विकृतिको सिकार हुनुपरेको, घर परिवारमा सम्बन्ध बिग्रेको, लक्ष्य अनुरूपको सफलता हासिल गर्न नसक्दा त्यसले कुण्ठाको अनुभूतिलाई बढावा दिएको सन्दर्भलाई विवेच्य कृतिका कथाहरूमा

उल्लेख गरिएको छ । राजनीति गर्ने व्यक्तिको पारिवारिक समस्याको अनुभूतिलाई कथाकार यसरी व्यक्त गर्छन्- "राजनीति गर्छु भनेर मात्रै कहाँ हुन्छ र मैले राजनीति गर्छु भन्नेको जीवन पनि देखेकी छु । उनीहरूको घरभित्रको स्वतन्त्रता कति कमजोर र दयनीय हुन्छ भन्ने कुरा धेरै ठाउँमा तपाईंले पनि देख्नुभएकै छ नि ('उज्यालोको प्रतीक्षा', पृ.१) ।" समग्र राज्यलाई स्वतन्त्र, अधिकार सम्पन्न बनाउने लक्ष्यका साथ राजनीति गर्नेहरूले आफैँ कुण्ठित भएको अनुभूति पालेको यस कथांशमा प्रकट भएको छ । कथाकारले राजनीति भ्रमपूर्ण बन्दै गएको र समस्याको समाधानमुखी नरहेको अवस्थालाई 'उज्यालोको प्रतीक्षा' शीर्षक कथामा यसरी व्यक्त गरेका छन्- "के गाउँका मान्छेलाई राजनीतिको नाममा भ्रम मात्र छरिन्छ र शोषण गरिन्छ ? उनीहरूलाई चेतना दिने काम गर्दैन राजनीतिले ? रम्भा उसलाई परिवर्तन गर्न सकिन्छ कि भनेर प्रयत्न गर्थी (पृ.५) ।" राजनीतिक चेतना कमजोर बनेको अनुभूतिलाई यस कथांशमा प्रकट गरिएको छ । राजनीतिले मानिसलाई सहिद बनाएको अवस्थालाई पनि कथामा चित्रण गरिएको छ । यस सन्दर्भमा एक कथांश यस्तो रहेको छ- "सहिद परिवारकी छोरी भनेर हुनसक्छ, कमरेड प्रतापले निकै सम्मान गरेको बोध हुन्थ्यो मलाई ('बाढीको आवाज', पृ.४२) ।" राजनीतिक वृत्तमा संलग्न भएपछि सहिद बनेको परिवारमा रहेको अनुभूतिको संरचनालाई कथामा अभिव्यक्त गरिएको छ । यस सन्दर्भमा राजनीति गर्नेहरूको रोजीरोटी समेत हरण भएको अवस्थालाई तितो यथार्थका रूपमा प्रस्तुत गरिएको छ । कथाकार यसबारे लेख्छन्- "जागिर छाडेर होलटाइमर बन्नेबित्तिकै उपमाको परिवारका दुःखका कहालीलाग्दा दिनहरू सुरु भए ('होलटाइमर', पृ.१२७) ।" राजनीतिक अनुभूतिका रूपमा यस कथामा विसङ्गत अनुभव र अनुभूतिको संरचनालाई चित्रण गरिएको छ । निकासमुखी, समाधानमुखी, सेवामुखी राजनीतिक अनुभूतिको संरचना निर्माण हुन नसकेको परिवेशलाई कथाकारले आलोचनात्मक दृष्टिले चित्रण गरेका छन् ।

कथाकार पोखरेलले *मलाई पनि निद्रा लागेन* कथा सङ्ग्रहका कथाहरूमा नेपाली समाजका समकालीन समस्याहरूलाई केन्द्रमा राखी दलित चेतना, राजनीतिक चेतना, निम्न वर्गीय चेतनाका सापेक्षतामा अनुभूतिको संरचनालाई चित्रण गरेका छन् । नेपाली समाजमा यस्ता चेतनाका सापेक्षतामा कुण्ठित, दमित, शोषित, अपहेलित, हीन मनोदशायुक्त, दुःखी, उत्पीडित आदि अनुभूतिको संरचना निर्माण भएको मनस्थिति र परिस्थितिलाई यस कथामा चित्रण गरिएको छ । उनले यस कृतिमा मार्क्सवादी चेतनालाई पनि मुखरित गरेका छन् । उनका कथामा व्यक्त निम्न वर्गीय अनुभूति, राजनीतिक अनुभूति, दलित चेतनाको अनुभूति आदिमा मार्क्सवादी चेतनाको प्रभाव परेको छ । मार्क्सवादी लेखन पद्धतिमा सक्रिय वैचारिक साहित्यकार पोखेरलको यस कृतिमा निहित अनुभूतिको संरचना निर्माणमा पनि मार्क्सवादी विश्वदृष्टिको प्रभाव रहेको छ । मार्क्सवादी चेतनाका आधारमा समाजमा आर्थिक रूपमा वर्ग विभाजित भएपछि ती वर्गहरूमा शोषक र शोषित वर्गको उदय हुने र त्यसले सामाजिक, राजनीतिक, आर्थिक, जातीय, लैङ्गीय आदि विभाजित संरचनामा शोषणहरू निर्माण हुने दृष्टिकोणलाई कथाकार पोखरेलले व्यक्त गरेका छन् । उनले कथाका पात्रहरूमा चित्रण गरेका उक्त अनुभूतिको संरचनाका पृष्ठ भागमा मार्क्सवादी चेतनाको प्रभाव रहेको छ । यस अर्थमा उनका कथाहरूमा मार्क्सवादी वैचारिक सौन्दर्य चिन्तन अनुसार दलित चेतना, निम्न वर्गीय चेतना, राजनीतिक चेतनाको अनुभूतिको संरचना अभिव्यक्त भएको छ ।

## निष्कर्ष

कथाकार मातृका पोखरेलको *मलाई पनि निद्रा लागेन* कथा सङ्ग्रहमा दलित चेतनाको अनुभूतिलाई चित्रण गरिएको छ । दलित वर्गमा सामाजिक अवहेलना र विभेदका कारण जटिल दबाब र तनावको अनुभूति निर्माण भएको विवेच्य कथा सङ्ग्रहका विभिन्न कथाहरूमा व्यक्त भएको छ । यस कृतिका कथाहरूमा दलित वर्गमा पनि आर्थिक रूपमा कमजोर र लैङ्गिक रूपमा नारी वर्गमा झन् धेरै उत्पीडनको अनुभूति उब्जेको परिवेशलाई उद्घाटन गरिएको छ । विवेच्य कथा सङ्ग्रहका कथामा निम्नवर्गीय उत्पीडनको अनुभूतिको संरचनालाई चित्रण गरिएको छ । निम्नवर्गको मूल जग जमिनहीन हुनु अर्थात् सुकुम्वासी भएर निरीह जीवन बाँच्नु रहेको अनुभूतिलाई प्रकट गरिएको छ । *मलाई पनि निद्रा लागेन* कृतिमा राजनीतिक अनुभूतिको संरचनाका रूपमा विसङ्गत राजनीतिक परिवेशलाई चित्रण गरिएको छ । राजनीतिले सही दृष्टिकोण र मार्गदर्शन लिन नसकेको र व्यावहारिक समस्यालाई समाधान गर्न नसकेको दबाब र तनावको जटिल अनुभूतिको संरचनालाई प्रकट गरिएको छ । कथाकार पोखरेलले वर्ग विभेद, जातीय, वर्गीय दमन, दबाब र तनावपूर्ण अनुभूतिको संरचना निर्माण हुनुमा मार्क्सवादी चेतना अनुसार शोषक र शोषित वर्गको कारण रहेकाले राजनीतिक अनुभूति नै मूल कारक बनेको विचारलाई यस कृतिमा प्रकट गरेका छन् । यसरी साहित्यकार मातृका पोखरेलको *मलाई पनि निद्रा लागेन* कथा सङ्ग्रहमा दलित चेतनाको उत्पीडित, निम्न वर्गीय अनुभूतिको विपन्नतायुक्त मनोदशा र राजनीतिक विसङ्गतिको नकारात्मक अनुभूतिको संरचनालाई चित्रण गरिएको छ ।

## सन्दर्भ सामग्री


अधिकारी, कृष्णराज (२०७८). *केही सृजना : पृथक् विवेचना.* गण्डकी साहित्य सङ्गम ।

इल्ड्रिज, जोन र इल्ड्रिज, लिजाइ (सन् १९९४). *रेमन्ड विलियम्स : मेकिङ कनेक्सन्स्.* राउटलेज ।

पाण्डेय, ताराकान्त (२०७३). *मार्क्सवाद, सांस्कृतिक अध्ययन र साहित्यको समाजशास्त्र.* साझा प्रकाशन ।

पाण्डेय, मैनेजर (सन् २०१६). *साहित्य और समाजशास्त्रीय दृष्टि.* आधार प्रकाशन ।

पोखरेल, मातृका (२०८२). *मलाई पनि निद्रा लागेन.* बेला पब्लिकेसन ।

पौडेल, हेमनाथ (२०६५). *प्रगतिवादी दृष्टिमा कवि र कविता.* पैरवी प्रकाशन ।

विलियम्स, रेमन्ड (सन् १९६१). *द लङ रिभोलुसन.* चट्टचे एन्ड विन्डस् लि. ।

विलियम्स, रेमन्ड (सन् २०१०). *मार्क्ससिजम् एन्ड लिटरेचर.* अक्सफोर्ड युनिभर्सिटी

श्रेष्ठ, दयाराम (२०७०). *नेपाली कथा र कथाकार.* नेपाल प्रज्ञा प्रतिष्ठान ।

सिंह, बच्चन (सन् २००७). *साहित्य का समाजशास्त्र.* लोकभारती प्रकाशन ।